**आकाशवाणी समाचार- नेपाली**
**मितिः १६ अप्रेल २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- संसदको विस्तारित बजेट अधिवेशनको तीन दिने विशेष अधिवेशन आज देखि शुरु हुँदैछ।
- गृह मन्त्रालयले जनगणना २०२७ अभियानको पहिलो चरण आज देखि कतिपय राज्य र केन्द्र शासित प्रदेशहरूमा शुरु हुने घोषणा गरेको छ।
- राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान महाराष्ट्रको वर्धास्थित सेवाग्राम आश्रमको भ्रमण गर्नुहुनेछ।
- प्रधान मन्त्री नरेन्द्र मोदी आज अस्ट्रियाका चान्सलर डा. क्रिस्टियन स्टकरबीच आज नयाँ दिल्लीमा चर्चा गर्नुहुनेछ।
- केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले केन्द्रीय माध्यमिक शिक्षा बोर्ड कक्षा १० को बोर्ड परीक्षाको परिणाम घोषणा गर्नु देशभरिका विद्यार्थीहरूका लागि महत्वपूर्ण क्षण भएको बताउनु भएको छ।

**संसद विस्तारित बजट सत्र -नारी शक्ति वंदन अधिनियम**

संसदको विस्तारित बजेट अधिवेशनको तीन दिने विशेष अधिवेशन आज देखि शुरु हुँदैछ। यो बैठक १८ अप्रेल सम्म चल्नेछ। उक्त अधिवेशनमा नारी शक्ति वन्दन विधेयकमा संविधान संशोधनका विषयमा चर्चा हुनेछ। सन् २०२३ मा पारित भएको यो विधेयक कार्यान्वयन गर्न सरकारले तीनवटा संशोधन विधेयक ल्याउने भएको छ। यस अधिनियममा लोकसभा र राज्य विधानसभाहरूमा महिलाहरूका लागि ३३ प्रतिशत आरक्षणको प्रस्ताव गरिएको छ।

1-Byte संसद

**गृह मंत्रालय -जनगणना 2027**

गृह मन्त्रालयले जनगणना २०२७ अभियानको पहिलो चरण आज देखि कतिपय राज्य र केन्द्र शासित प्रदेशहरूमा शुरु हुने घोषणा गरेको छ। गृह मन्त्रालयका अनुसार यो अभियान कर्नाटक, गोवा, मिजोरम, सिक्किम, उडिसा, अन्डमान र निकोबार द्वीप समूह र लक्षद्वीपका साथै एन.डी.एम.सी. र दिल्ली क्यान्टोनमेन्ट बोर्डमा शुरु भइरहेको छ। १५ मई सम्म चल्ने यस अभियानमा घरघर गएर आकड़ा संकलन गरिनेछ। गृह मन्त्रालयले पहिलो पटक आफैं विवरण बुझाउने सुविधा शुरु गरिएको जनाएको छ, जसबाट उत्साहजनक प्रतिक्रिया प्राप्त भएको छ। यस अन्तर्गत लगभग १२ लाख परिवारले सफलतापूर्वक आफ्नो जानकारी अनलाइनमा पेश गरेका छन्। जनगणनाका लागि पहिलो पटक डिजिटल उपकरण प्रयोग गरिंदैछ । आन्ध्र प्रदेश, हरियाणा, चण्डीगढ, मध्य प्रदेश, छत्तीसगढ र अरुणाचल प्रदेशमा आजदेखि स्व-गणना सुविधा शुरु हुँदैछ। बिहारमा १७ अप्रेल देखि १ मईसम्म जनगणना हुनेछ। राज्यमा घर-घर जनगणना २ मई देखि ३१ मई सम्म सञ्चालन गरिनेछ।

**राष्ट्रपति – महाराष्ट्र वर्धा भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान महाराष्ट्रको वर्धास्थित सेवाग्राम आश्रमको भ्रमण गर्नुहुनेछ। महात्मा गान्धीले सन् १९३६ देखि १९४८ सम्म सेवाग्राम आश्रममा बसे र स्वतन्त्रता संग्रामका क्रममा आफ्ना सबै गतिविधिहरू यसै आश्रमबाट गर्नुहुन्थ्यो। राष्ट्रपति मुर्मुले वर्धास्थित महात्मा गान्धी अन्तर्राष्ट्रिय हिन्दी विश्वविद्यालयको ६औँ दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुनेछ।

**राष्ट्रपति द्रौपदी मुर्मु - कराधान**

राष्ट्रपति द्रौपदी मुर्मूले कराधान केवल राजस्व संकलनको माध्यम मात्र नभएर यो राज्य र नागरिकहरू बीचको विश्वासको सेतु रहेको बताउनु भएको छ। कर प्रणाली प्रभावकारी, निष्पक्ष, संवेदनशील र सन्तुलित हुनुपर्छ। राष्ट्रपति मुर्मुले हिज नागपुरमा राष्ट्रिय प्रत्यक्ष कर प्रतिष्ठानमा भारतीय राजस्व सेवाको ७८औँ बैचका प्रशिक्षार्थी अधिकारीहरूको समापन समारोहलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। कार्यक्रममा महाराष्ट्रका राज्यपाल जिष्णु देव वर्मा, महाराष्ट्रका राजस्व मन्त्री चन्द्रशेखर बावनकुले र केन्द्रीय प्रत्यक्ष कर बोर्डका अध्यक्ष रवि अग्रवाल पनि उपस्थित हुनुहुन्थ्यो राष्ट्रपति मुम्रुले आज बिहान सेवाग्राम आश्रमको भ्रमण गर्नुहुनेछ र महात्मा गान्धी अन्तर्राष्ट्रिय हिन्दी विश्वविद्यालय, वर्धाको छैटौँ दीक्षांत समारोहलाई सम्बोधन गर्नुहुनेछ।

## विदेश मंत्री सुब्रह्मण्यम जयशंकर - ऑस्ट्रिया चांसलर

विदेशमन्त्री सुब्रमन्यम जयशंकरले हिज नयाँ दिल्लीमा अस्ट्रियाका चान्सलर क्रिस्टियन स्टकरसँग भेट गर्नुभयो। स्टाकर पहिलो पटक भारतको आधिकारिक भ्रमणमा हुनुहुन्छ । प्रधानमन्त्री नरेन्द्र मोदी र चान्सलर स्टकरबीच आज विभिन्न क्षेत्रमा सहयोगबारे चर्चा हुनेछ। दुवै नेताहरूले बहुपक्षीय मञ्चहरूमा सहयोग लगायत पारस्परिक हितका क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयहरूमा पनि विचारविमर्श गर्नेछन्। चान्सलर स्टकरका साथमा अर्थव्यवस्था, ऊर्जा र पर्यटन मन्त्री वोल्फग्याङ ह्याटमन्डोर्फर, वरिष्ठ अधिकारीहरू र उद्यमीहरू सम्मिलित एक उच्चस्तरीय प्रतिनिधिमण्डल सामेल छन्।

## प्रधानमंत्री नरेन्द्र मोदी - ऑस्ट्रिया चांसलर

प्रधान मन्त्री नरेन्द्र मोदी आज अस्ट्रियाका चान्सलर डा. क्रिस्टियन स्टकरबीच आज नयाँ दिल्लीमा चर्चा गर्नुहुनेछ। यसमा बहुपक्षीय मञ्चहरूमा सहयोग र आपसी हितका मुद्दाहरूमा बिचार -विमर्श समावेश छ। विदेश मन्त्री डा. एस. जयशंकरले सामाजिक सञ्जा पोस्टमा यो चर्चाले धेरै क्षेत्रमा ब्यापक सहयोगका लागि बाटो खोल्ने विश्वास व्यक्त गर्नुभएको छ। चान्सलर स्टकरको यो पहिलो भारत भ्रमण हो। उहाँसँगै उच्चस्तरीय प्रतिनिधिमण्डल पनि छ। जुलाई २०२४ मा प्रधानमन्त्री श्री मोदीले अस्ट्रियाको भ्रमण गर्नुभएको थियो ।

## केन्द्रीय शिक्षा मन्त्री

केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले केन्द्रीय माध्यमिक शिक्षा बोर्ड कक्षा १० को बोर्ड परीक्षाको परिणाम घोषणा गर्नु देशभरिका विद्यार्थीहरूका लागि महत्वपूर्ण क्षण भएको बताउनु भएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री प्रधानले भन्नुभएको छ -, "सफल भएका विद्यार्थीहरू यस उपलब्धि सम्म पुग्नको लागि उनीहरूको कठोर परिश्रम, अनुशासन र लगनशीलताको लागि प्रशंसाको पात्र बनेका छन्। एकल परीक्षाले कसैको सम्भावनालाई परिभाषित गर्दैन भन्ने कुरा पनि बुझ्न जरुरी रहेको उहाले बताउनु भएको छ । शिक्षामन्त्री श्री प्रधानले अझ भन्नुभयो – जुन विद्यार्थीहरूले अपेक्षित परिणाम प्राप्त गरेका छैनन्, उनीहरूले यसलाई सिक्ने, पुनर्मूल्याङ्कन गर्ने, प्रतिबिम्बित गर्ने र नयाँ दृढताका साथ अगाडि बढ्ने अवसरको रूपमा लिनुपर्छ।

## केन्द्रीय वाणिज्य एवम् उद्योग मन्त्री -निर्यात उपलब्धि

केन्द्रीय वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले भारतले वित्त वर्ष २०२५-२६ मा ८६० अर्ब अमेरिकी डलरको रेकर्ड निर्यात हासिल गरेको बताउनु भएको छ। एक सामाजिक मिडिया पोस्टमा, श्री गोयलले भन्नुभएको छ – वैश्विक प्रतिकूलताको बाबजुद हासिल गरिएको उपलब्धिले देशको लचिलोपन र यसको वैश्विक व्यापार पद चिह्न विस्तार गर्ने यसको बढ्दो शक्तिलाई प्रतिबिम्बित गर्दछ।

## स्वास्थ्य एव परिवार कल्याण मन्त्रालय

स्वास्थ्य एव परिवार कल्याण मन्त्रालयले हिज नयाँ दिल्लीमा पहिलो ब्रिक्स स्वास्थ्य कार्य समूह बैठक २०२६ को भर्चुअल अध्यक्षता गर्यो। यसले वरिष्ठ स्वास्थ्य अधिकारीहरू, तकनिकी विशेषज्ञहरू र ब्रिक्स सदस्य देशहरूका प्रतिनिधिहरूलाई सार्वजनिक स्वास्थ्यमा सहयोगका प्राथमिकताका क्षेत्रहरूबारे चर्चा गर्न एकै मंच मा ल्यान सफल बन्यो

ब्रिक्समा चीन, ब्राजिल, रुस, भारत, दक्षिण अफ्रिका, इजिप्ट, इथियोपिया, संयुक्त अरब अमिरात र इन्डोनेसिया रहेका छन्। यस वर्षको विषयवस्तु 'बिल्डिङ फर रिसिलियन्स, इनोभेसन, कोअपरेसन एण्ड Sustainability.रहेका छन् l

**केन्द्रीय आवास एवम् शहरी मामिलामन्त्री**

केन्द्रीय आवास एवम् शहरी मामिलामन्त्री मनोहर लालले शहरी चुनौती कोष (यूसीएफ) कार्यक्रम अन्तर्गत शहरी स्थानीय निकायहरूको वित्तीय क्षमता सुदृढ़ीकरणमा विशेष जोड दिइरहेको बताउनुभएको छ। श्री लालले नयाँ दिल्लीमा हिज अर्बन च्यालेन्ज फन्डको निर्देशिकाको विमोचन गर्दै यो जानकारी दिनुभएको हो।

2- Byte मनोहर लाल

**नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्रालय- स्टार्टअप**

नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्रालयले हिज नयाँ दिल्लीमा एक दिवशीय हाइड्रोजन स्टार्टअप प्रदर्शनी आयोजना गर्यो। प्रदर्शनीको उद्देश्य देशमा जीवन्त हाइड्रोजन स्टार्टअप पारिस्थितिकीलाई बढावा दिनु रहेको मन्त्रालयले जनाएको छ। यसले इलेक्ट्रोलाइजर तकनिकीहरू, ईन्धन सेल अनुप्रयोगहरू, बायोमास-देखि-हाइड्रोजन उत्पादन, र हाइड्रोजन प्रणालीका लागि डिजिटल समाधानहरू सहित हरित हाइड्रोजन मूल्य श्रृंखलाको विभिन्न क्षेत्रहरूमा काम गर्ने 18 आशाजनक स्टार्टअपहरू एक साथ् एकै मंचमा ल्याएको छ।